गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# मालारानी गाउँपालिका, अर्घाखाँची
## गाउँ कार्यपालिकाको ८३औं बैठक

मितिः २०८३।०५।२४
समयः बिहान ११.०० बजे
बैठकका प्रस्तावहरु

१ ८२औं बैठकको समिक्षा सम्बन्धमा।
२ प्रधानमन्त्री विपद् राहत कोषमा रकम पठाउने सम्बन्धमा।
३ मेड्पा कार्यक्रम सञ्चालन सम्बन्धमा।
४ नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा।
५ उत्पादन र विक्रिमा आधारित अनुदान कार्यविधि, २०८२ को प्रथम संशोधन सम्बन्धमा।
६ गाई भैसी खरिदमा अनुदान वितरण कार्यविधि ,२०८३ सम्बन्धमा।
७ कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा।
८ आ.व.२०८२।०८३ को दायित्व भुक्तानी सम्बन्धमा।
९ अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल मार्फत प्राप्त उजुरी सम्बन्धमा।
१० राष्ट्रिय सतर्कता केन्द्रको आवश्यक कारबाही गर्ने विषयक पत्र सम्बन्धमा।
११ अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल मार्फत प्राप्त उजुरी सम्बन्धमा।
१२ मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको आ.व.२०८३।०८४ को बार्षिक क्रियाकलाप तथा बजेट सम्बन्धमा।
१३ विपद् व्यवस्थापन र औषधी उपचार सहयोग सम्बन्धमा।
१४ आवास/ कोठा सुबिधा सम्बन्धमा
१५ कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव माग गर्ने सम्बन्धमा।
१६ स्रोत शिक्षकको विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा
१७ शोक प्रस्ताव सम्बन्धमा।

बैठकका प्रस्ताव र निर्णयहरु

| नि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ८२औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८३।०४।१५ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको चरणमा रहेकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| २ | प्रधानमन्त्री विपद् राहत कोषमा रकम पठाउने सम्बन्धमा। | मिति २०८३।०५।१० गते आकस्मिक रुपमा भोटेकोशी नदीमा आएको बाढीले ठुलो धनजनको क्षति पुऱ्याएकोले उक्त विपद्लाई व्यवस्थापन गर्नको लागि प्रधानमन्त्री विपद् राहत कोषमा यस गाउँपालिकाबाट रकम पठाउन गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | मिति २०८३।०५।१० गते आकस्मिक रुपमा भोटेकोशी नदीमा आएको बाढीले ठुलो धनजनको क्षति पुऱ्याएकोले उक्त विपद्बाट भएको क्षतिलाई व्यवस्थापन गर्न यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट प्रधानमन्त्री विपद् राहत कोषमा रु.२०००००।- ( दुईलाख मात्र ) उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ३ | मेड्पा कार्यक्रम सञ्चालनका सम्बन्धमा। | आ.व.२०८३।०८४ मा मेड्पा कार्यक्रम सञ्चालनको लागि गाउँ कार्यपालिकाबाट वडा छनौट हुनुपर्ने प्रावधान रहेको | आ.व.२०८३।०८४ मा मेड्पा कार्यक्रम तर्फ स्तरोन्नती तर्फ वडा नं. ४ र नयाँ उद्यमी तर्फको कार्यक्रम वडा नं. ९ मा सञ्चालन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| नि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा । | यस गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ विधेयक समितिबाट सिफारिस भई आएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने कानुनी व्यवस्था रहेको । | मालारानी गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लाई संलग्न बमोजिम स्वीकृत गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ५ | उत्पादन र विक्रिमा आधारित अनुदान कार्यविधि, २०८२ को प्रथम संशोधन सम्बन्धमा । | उत्पादन र विक्रिमा आधारित अनुदान कार्यविधि, २०८२ को प्रथम संशोधन को लागि विधेयक समितिबाट सिफारिस भई पेश भएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने कानुनी व्यवस्था भएको । | यस गाउँपालिकाको संलग्न बमोजिम उत्पादन र विक्रिमा आधारित अनुदान कार्यविधि, २०८२ को प्रथम संशोधन लाई स्वीकृत गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ६ | गाई भैसी खरिदमा अनुदान वितरण कार्यविधि ,२०८३ सम्बन्धमा । | विधेयक समितिबाट गाउँपालिकाको लागि आवश्यक भएको गाई भैसी खरिदमा अनुदान वितरण कार्यविधि ,२०८३ सिफारिस भई पेश भएकोले उक्त कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने कानुनी व्यवस्था भएको । | यस गाउँपालिकाको संलग्न बमोजिम गाई भैसी खरिदमा अनुदान वितरण कार्यविधि ,२०८३ स्वीकृत गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ७ | कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा । | कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ विधेयक समितिबाट सिफारिस भई पेश हुन आएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने । | यस गाउँपालिकाको संलग्न बमोजिमको कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ८ | आ.व.२०८२।०८३ को दायित्व भुक्तानी सम्बन्धमा । | आ.व.२०८२।०८३ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन भई सम्पन्न भएका तर बजेट न्यून प्राप्ति लगायतको कारणबाट भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रम र अन्य खर्च समेतको विवरण कार्यालयबाट पेश हुन आएकोले दायित्व रकम भुक्तानीको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | आ.व.२०८२।०८३ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन भई सम्पन्न भएका तर बजेट न्यून प्राप्ति लगायतको कारणबाट भुक्तानी हुन नसकेका संलग्न बमोजिमका योजना तथा कार्यक्रम र अन्य खर्च समेतको भुक्तानी दायित्व सृजना भएको रकम आ.व.२०८३।०८४ का लागि गाउँसभाबाट दायित्व रकम भुक्तानीको लागि एकमुष्ट रुपमा विनियोजन भएको रु. १०००००००.००(एक करोड मात्र )मध्ये बाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ९ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल मार्फत प्राप्त उजुरी सम्बन्धमा । | अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालको प.सं. ४/स्थानीय/७७४४/०८२। ८३(S) च.नं. ६४७५७ मिति २०८३।०३।२४ को पत्रसाथ संलग्न उजुरी प्राप्त भई आवश्यक छानविन गरी प्रतिवेदन पेश भएकोले गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालको प.सं. ४/स्थानीय/७७४४/०८२। ८३(S) च.नं. ६४७५७ मिति २०८३।०३।२४ को पत्रसाथ प्राप्त उजुरी अनुसार यस गाउँपालिकामा १५ शैया अस्पताल सञ्चालनको लागि आएको एकमुष्ठ रकमलाई टुक्राएको , लाईन्सेन्स नभएको डाक्टर नियुक्त गरिएको, विज्ञापनका पदको परीक्षा एकै समयमा नगरेको, स्वास्थ्य चौकीका कर्मचारी अस्पतालमा समायोजन गर्न खोजेको भन्ने उजुरी सम्बन्धमा सत्यतथ्य जाँचबुझको लागि स्वास्थ्य शाखालाई सो सम्बन्धमा प्रतिवेदन पेश गर्न भनिएकोमा स्वास्थ्य शाखाबाट पेश भएको प्रतिवेदन माथि छलफल गर्दा प्रतिवेदनमा उल्लेख भएका विषयहरु यथार्थपरक देखिएकोले उजुरी तथ्यहीन, भ्रामक र अस्पताल सञ्चालनमा अवरोध पुऱ्याउने मनशाय रहेको स्पष्ट भएकोले थप कुनै कारवाही गर्नुपर्ने आवश्यक नभएको हुँदा उक्त प्रतिवेदन सहितको जानकारी सम्मानित आयोगमा पठाउने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दलबहादुर भट्टराई
अध्यक्ष

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| नि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १० | राष्ट्रिय सतर्कता केन्द्रको आवश्यक कारबाही गर्ने बिषयक पत्र सम्बन्धमा । | राष्ट्रिय सतर्कता केन्द्रको पं.स.०८२।८३ च.नं. सूच. १५/२४१६ मिति २०८३/०२/२० को आवश्यक कारबाही गर्ने विषयकको छानविन गरी प्रतिवेदन पेश भएकोले गाउँकार्यपालिका बाट निर्णय हुनुपर्ने । | राष्ट्रिय सतर्कता केन्द्रको पं.स.०८२।८३ च.नं. सूच. १५/२४१६ मिति २०८३/०२/२० को आवश्यक कारबाही गर्ने बिषयक प्राप्त पत्रानुसार मालारानी ४ अर्घाखाँचीको लुटीपोखरी स्थित ऋषि मेडिकलमा मिति सकिएको औषधी पाइने, तोकिए भन्दा धेरै मुल्यमा विक्रि गर्ने र अनुमती पत्र एवं शैक्षिक योग्यता छानविन गर्नुपर्ने भन्ने उजुरीको सम्बन्धमा आवश्यक जाँचबुझको लागि स्थलगत अनुगमन र छानविन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्रशासन शखा प्रमुख , स्वास्थ्य शाखा प्रमुख र मालारानी आधारभुत अस्पताल प्रमुख डा. नविन भुसाल रहेको टिमबाट आवश्यक जाँचवुझ गरी पेश भएको प्रतिवेदन उपर छलफल गर्दा उजुरीकर्ताले भनेजस्तो मिति सकिएको औषधी नदेखिएको, तोकिए भन्दा धेरै मुल्यमा विक्रि गर्ने नगरेको र अनुमती पत्र एवं शैक्षिक योग्यता छानविन गर्दा औषधी पसल सञ्चालन सम्बन्धि सबै कागजात दूरुस्त देखिएकोले थप कुनै कारवाही गर्नुपर्ने आवश्यक नभएको हुँदा उक्त प्रतिवेदन र औषधी पसल सञ्चालन सम्बन्धीका कागजात सहितको जानकारी राष्ट्रिय सतर्कता केन्द्रमा पठाउने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ११ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल मार्फत प्राप्त उजुरी सम्बन्धमा । | अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालको प.सं. ४/स्थानीय/५९६/०८३। ८४(S) च.नं. ४३३२मिति २०८३।०४।२० को पत्रसाथ संलग्न उजुरी प्राप्त भई आवश्यक छानविन गरी प्रतिवेदन पेश भएकोले गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालको प.सं. ४/स्थानीय/५९६/०८३। ८४(S) च.नं. ४३३२मिति २०८३।०४।२० को पत्रसाथ प्राप्त उजुरी अनुसार स्वास्थ्य चौकीका कर्मचारीहरलाई दरबन्दी नभएको १५ शैया अस्पतालमा खटाइएको, स्वास्थ्य चौकीबाट निशुल्क प्राप्त हुने सुविधाबाट नागरिक बन्चितमा परेको, खनदह स्वास्थ्य चौकीलाई यथास्थानबाट सेवा प्रवाह गर्ने व्यवस्था गर्नुपर्ने भन्ने उजुरी सम्बन्धमा सत्यतथ्य जाँचबुझको लागि प्रमुख प्रशासकीय अधिकृतलाई सो सम्बन्धमा प्रतिवेदन पेश गर्न भनिएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि छलफल गर्दा प्रतिवेदनमा उल्लेख भएका बिषयहरु यथार्थपरक देखिएकोले उजुरी तथ्यहीन, भ्रामक र अस्पताल सञ्चालनमा बाधा पुऱ्याउने मनशाय रहेको देखिएकोले थप कुनै कारवाही गर्नुपर्ने आवश्यक नदेखिएको हुँदा उक्त प्रतिवेदन सहितको जानकारी सम्मानित आयोगमा पठाउने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १२ | मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको आ.व.२०८३।०८४ को बार्षिक क्रियाकलाप तथा बजेट सम्बन्धमा । | मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत आ.व.२०८३।०८४ का लागि बार्षिक क्रियाकलाप तथा बजेट मिति २०८३।०५।०९ गते बसेको परियोजना अनुगमन तथा समन्वय समितिको बैठकबाट सिफारिस भई पशे हुन आएकोले गाउँ कार्यपालिकाबाट अनुमोदन हुनुपर्ने प्रावधान रहेको । | मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत आ.व.२०८३।०८४ का लागि संलग्न बमोजिम बार्षिक क्रियाकलाप तथा बजेट मिति २०८३।०५।०९ गते बसेको परियोजना अनुगमन तथा समन्वय समितिको बैठकबाट सिफारिस भई पेश हुन आएकोले उक्त परियोजनाको बार्षिक क्रियाकलाप र बजेटलाई अनुमोदन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल वहादुर भट्टराई
अध्यक्ष

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| नि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १३ | आर्थिक सहायता र विपद् व्यवस्थापन सम्बन्धमा। | गाउँपालिका स्थित विभिन्न वडा वासीहरुले औषधी उपचार एवं विपद् व्यवस्थाप सहयोग माग गरी आवश्यक कागजात संलग्न राखि निवेदन पेश गरेकोले सहयोग उपलब्ध गराउन गाउँकार्यपालिकाबाट निर्णय हुनुपर्ने। | देहायका व्यक्ति र संरचना संरक्षणको लागि आर्थिक सहायता/ विपद् व्यवस्थापन कोषबाट देहाय बमोजिमको सहयोग रकम उपलब्ध गराउने।<br>१. लाल बहादुर कामी वडा नं. १ क्यान्सर उपचार सहयोग रु. २० हजारलाई अनुमोदन गर्ने<br>२. सुरज वि.क. वडा नं. ५ मानसिक स्वास्थय उपचार सहयोग रु. २० हजार<br>३. दुर्गा वि.क. वडा नं. ३ घाउ संक्रमण उपचार सहयोग रु. २० हजार<br>५. दिपक खनाल वडा नं. ३ मानसिक स्वास्थ्य उपचार सहयोग रु.२० हजार<br>५. सावित्रा घिमिरे वडा नं. ९ मस्तिष्क ट्युमर उपचार सहयोग रु. २५ हजार<br>६. २०८३ भाद्र महिनाको पहिलो हप्तामा परेको अविरल बर्षाको कारण प्रतिक्षालयको तलपट्टीको जगको गारो भत्किन गई वडा नं. ७ वामरुक च्यान्डाँडा स्थित प्रतिक्षालय जोखिममा रहेकोले सो प्रतिक्षालय संरक्षणको लागि वाल निर्माण वापत रु ३० हजार | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १४ | आवास/ कोठा सुबिधा सम्बन्धमा | गत आ.व.मा प्रमुख प्रशासकीय अधिकृतको लागि आवास र हलुका सवारी चालकको लागि कोठा भाडा सुविधा उपलब्ध गराइएकोमा आ.व.२०८३।०८४ मा सो सुविधा निरन्तरता र लेखा प्रमुखको कोठा भाडा सुविधाका लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लाई आवासको लागि र हलुका सवारी चालकलाई कोठा सुविधा वापत उपलब्ध गराइएको सेवा सुविधालाई आ.व.२०८३।०८४ को लागि समेत निरन्तरता दिने र लेखा प्रमुखको लागि कोठाभाडा सुविधा उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १५ | कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव माग गर्ने सम्बन्धमा। | आ.व. २०८३।०८४ को बजेट तथा कार्यक्रममा मेरो मिडिया घरबाट सञ्चालित सामुदायिक रेडियोबाट कार्यक्रम उत्पादन र प्रशारण शिर्षकमा रु. ५ लाख बजेट विनियोजन भएकोमा उक्त संस्थासँग प्रस्ताव माग गर्न गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | यस गाउँपालिकाको आ.व. २०८३।०८४ को बजेट तथा कार्यक्रममा मेरो मिडिया घरबाट सञ्चालित सामुदायिक रेडियोबाट कार्यक्रम उत्पादन र प्रशारण शिर्षकमा रु. ५ लाख बजेट विनियोजन भएकोले उक्त कार्यक्रम कार्यान्वयनको लागि मेरो मिडिया घरसँग प्रस्ताव माग गरी कार्यान्वयन गर्न गाँउ कार्यपालिकाको कार्यलयलाई निर्देशन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १६ | स्रोत शिक्षकको विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा | आ.व.२०८३/८४ को बजेट तथा कार्यक्रमबाट स्रोत शिक्षक व्यवस्थापन कार्यविधि ( संशोधनसहित) २०८० अनुसार विज्ञापन प्रकाशन गर्न कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | आ.व.२०८३/८४ को बजेट तथा कार्यक्रमबाट स्रोत शिक्षक व्यवस्थापन कार्यविधि ( संशोधनसहित) २०८० अनुसार कार्यालयले विज्ञापन प्रकाशन गरी नियमानुसार पदपूर्ति तथा परिचालन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १७ | शोक प्रस्ताव तथा समवेदना प्रकट गर्ने सम्बन्धमा। | मिति २०८३ साल भाद्र १० गते रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको विनाशकारी आकस्मिक बाढीका कारण ठूलो संख्यामा धनजनको क्षति भएको र कैयौँ नागरिकहरूले ज्यान गुमाउनुका साथै धैरै व्यक्तिहरू घाइते तथा विस्थापित भएको घटनाप्रति गाउँ कार्यपालिका बैठकबाट शोक प्रस्ताव तथा समवेदना प्रकट गर्न सान्दर्भिक हुने। | मिति २०८३ साल भाद्र १० गते रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको विनाशकारी आकस्मिक बाढीका कारण ठूलो संख्यामा धनजनको क्षति भएको र कैयौँ नागरिकहरूले ज्यान गुमाउनुका साथै धैरै व्यक्तिहरू घाइते तथा विस्थापित भएको घटनाप्रति यस मालारानी गाउँ कार्यपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।<br>प्राकृतिक विपत्तिको यस दुखद घडीमा उक्त भीषण बाढीमा परी अकालमा ज्यान गुमाउनुहुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरू प्रति यो बैठक भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माहरूको चीर शान्तिको कामना गर्दछ, अचानक आइलागेको यस असह्य र वेदनादायी घडीमा आफ्ना अमूल्य आफन्तजन गुमाउनुहुने सम्पूर्ण शोक सन्तप्त परिवारजन प्रति गाउँ कार्यपालिका बैठक हार्दिक समवेदना प्रकट गर्दछ र सम्पुर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
अध्यक्ष

आज मिति २०८३/०५/२४ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ८३ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |
| १९ | ६. | तुग बहादुर कार्कि क्षत्री | का.बा अध्यक्ष | |
| २० | | | का.बा.अध्यक्ष | |
| २१ | | | का.बा.अध्यक्ष | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

१- तेत्र प्रसाद खनाल - वरिष्ठ प्रशासकीय अधिकृत

२- शिव प्रसाद अर्याल - लेखा अधिकृत

३. पदम आचार्य - स.क.अ.

४- शेखर खनाल - का.स.

५- विनोद खनाल - सूचना प्रविधि अधिकृत